# उच्च अदालत जनकपुर

## राजविराज इजलास

फोन नं.तथा फ्याक्स ०३१५२०६८३
(रजिष्ट्रार)
फोन नं. ०३१५२०६८२ (प्रशासन)
mail:- infoacrajbiraj@acourt.gov.np
website:-www.supremecourt.gov.np

पत्र संख्याः-
च.नं.

मितिः- २०७८।०१।२१

**विषयः- अदालतको कामकारबाही सम्वन्धी**

## सूचना ।

नयाँ भेरियन्टसहितको दोस्रो लहरको कोरोना भाइरस संक्रमण नेपालमा पनि तिब्र रुपमा फैलिरहेको हुँदा कोरोना संक्रमणबाट न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, लगायत संक्रमणको उच्च जोखिममा रहेको हुँदा संक्रमणबाट जोगिन अदालतबाट प्रवाह हुदै आएको सेवाहरुमध्ये देहाय बमोजिमको सेवाहरुमात्र मिति २०७८।०१।२२ गते देखि मिति २०७८।०१।३१ गते सम्म सुरक्षाको मापदण्ड पालना गरी संचालन हुने व्यहोरा यस अदालतको मिति २०७८।०१।२२ को पूर्णवैठक (Full Court) बाट भएको निर्णय अनुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई,
- कोभिड-१९ सँग सम्वन्धित रिटं निवेदन दर्ता र सुनुवाई,
- यस अदालतबाट सुरु कारबाही किनारा हुने मुद्दामा पक्राउ पूर्जी जारीको अनुमती, जरुरी पक्राउ पूर्जीको अनुमति स्वीकृत, म्याद थप, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश,
- कसुर कायम भई सजाय निर्धारणका लागि तोकिएको मुद्दाहरुको सुनुवाई,
- उक्त अवधिमा सुनुवाई हुने मुद्दाको निवेदन दर्ताको समय बिहान ११:०० वजे देखि दिनको ३:०० बजे सम्म हुने,
- यस अदालतबाट हुने काम कारबाही तथा सेवा प्रवाह स्थगन भएको अवधिको लागि मुद्दा, रिट तथा निवेदनहरुमा म्याद, हदम्याद तथा तारेख गुज्रेको मानिने छैन् । सो अवधिका म्याद, तारिख, हदम्याद अड्डा खुलेको ७ दिनभित्र थाम्न थंमाउन सकिने,
- मिति २०७८।०१।३१ पछी प्रवाह हुने सेवाका सम्वन्धमा अर्को निर्णय भएबमोजिम हुने ।

अदालत प्रशासन